# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
info@mandavimun.gov.np
E-mail mandavimun2073@gmail.com


प.स २०८३/०८४
सूचना नम्बरः

**सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको सूचना !**

ठेक्का न : 5-MRM/SQ/Advservices-2083/84
**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०७**

१. यस कार्यालयबाट आर्थिक वर्ष २०८३/८४ मा प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आव्हान गर्दा प्रकाशित गरिने सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा एकद्वार प्रणालीबाट प्रकाशित गर्ने कार्य शिलबन्दी दरभाउ पत्रबाट गर्नु भएकोले सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित समयावधि भित्र दरभाउ पत्र फारम दस्तुर रु. १,०००/- (अक्षेरुपि रु. एक हजार मात्र) (फिर्ता नहुने) हिमालय वैङ्क लिमिटेड माण्डवी शाखामा रहेको आन्तरिक राजश्व खाता न : २६६४९३२०४६०११७ मा (सिधै माण्डवी गाउँपालिकाको राजश्व शाखामा आई वा सम्बन्धित बैङ्कमा गई वा Local Level revenue portal मा User id Create गरी अनलाईनमार्फत) जम्मा गरी आ.व. २०८२/८३ सम्मको नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र संलग्न गरी दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक सञ्चार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउ पत्र फारम माण्डवी गाउँपालिका जस्पुर, प्युठानबाट प्राप्त गर्न सकिनेछ। साथै गाउँपालिकाको वेबसाइट www.mandavimun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

२. दरभाउ पत्र फाराममा राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकाशित हुने सूचना प्रति सि.सि. न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक सञ्चार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीको दरभाउ पत्र स्वीकृत गरिनेछ। दरभाउ पत्र फारममा उल्लिखित प्रत्येक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि. रकम तल दिएको ढाँचामा (अङ्क र अक्षरमा) उल्लेख गरी शिलबन्दी फारम दर्ता गर्नुपर्नेछ।

३. शिलबन्दी दरभाउ पत्र पेस गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्काको नाममा दर्ता गरेको र कुनै पनि सर्त राखी पेस भएको दरभाउ पत्र मान्य हुने छैन।

४. मिति २०८३/०६/१४ गते सम्म खरिद गरि मिति २०८३/०६/१५ दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरि पेश गराईसक्नु पर्नेछ। दर्ता भएका शिलबन्दी दरभाउ पत्रहरु सोही दिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहोवरमा यस कार्यालयमा खोलिने छ। दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्नेछैन। दरभाउ पत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

५. शिलबन्दी दरभाउ पत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

६. दरभाउ पत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात दरभाउ पत्रसाथ पेस गर्नुपर्नेछ।

७. एक आपसमा मिलोमतो गरी दरभाउ पत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउ पत्र स्वीकृत गरिने छैन।

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
info@mandavimun.gov.np
E-mail mandavimun2073@gmail.com

प.स २०८३/०८४

सूचना नम्वरः

८. दरभाउ पत्रको प्रत्येक पानामा दरभाउ पत्र दाताको आधिकारिक व्यक्तिको सही छाप अनिवार्य रुपमा हुनुपर्नेछ साथै दरभाउ पत्रदाताले पेस गरेका प्रमाणपत्रहरु नवीकरण भएको हुनुपर्नेछ ।

९. यस सूचनामा उल्लेख भएकोमा, यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपालको कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि माण्डवी गाउँपालिकाको कार्यालय, जस्पुर, प्युठानमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | प्रकाशित हुने राष्ट्रिय दैनिकको नाम | कवोल दर प्रति सि.सि. अंकमा (मू.अ. कर बाहेक) | कवोल दर प्रति सिसि अक्षरमा (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| | | | |

२०८२।०८।०८

भुवन कुमार शाही

प्रमुख प्रशासकीय अधिकृत